लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन, न्याय तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

घरेलु तथा साना उद्योग कार्यालय

सिद्धार्थनगर रुपन्देही

फोनः ०७१-५७०२०४

निःशुल्क तालिम सञ्चालन सम्बन्धी सूचना !

प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०६/०८

यस कार्यालयको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित विभिन्न व्यवसायिक तथा सीपमुलक तालिम कार्यक्रम सञ्चालन गरिने हुँदा तालिम लिन ईच्छुक लुम्बिनी प्रदेशमा स्थायी वसोवास गर्ने नेपाली नागरिकले निम्न वमोजिम उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफुले लिन चाहेको तालिम उल्लेख गरी घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देहीमा उपस्थित भई वा यस कार्यालयको ईमेल ठेगाना csiobhwskill@gmail.com मार्फत दरखास्त दिनुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क्र. सं.	कार्यक्रम (तालिम) को नाम/विषय	तालिम अवधि	सहभागी संख्या	आवश्यक योग्यता र पेश गर्नुपर्ने कागजातहरु	कैफियत
१	एडभान्स ब्यूटिसियन तालिम	स्वीकृत पाठ्यक्रममा तोकिए वमोजिम	२० जना	क) १८ वर्ष उमेर पुरा भएको लुम्बिनी प्रदेशवासी नेपाली नागरिक हुनुपर्ने, ख) युवा लक्षित कार्यक्रमको लागि १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । ग) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, घ) हालसालै खिचिएको २ प्रति फोटो, ङ) लक्षित वर्ग तथा स्थानका लागि तोकिएको तालिमको निम्ति सम्वन्धित वर्ग र स्थान खुल्ने प्रमाणित कागजात च) उल्लेखित कागजात संलग्न गरिएको र आफुले लिन चाहेको तालिमको विषय खुलेको निवेदन छ) एड्भान्स ब्यूटिसियन तालिमको हकमा आधारभुत तालिम प्राप्त गरेको हुनुपर्नेछ । ज) वुटिक तालिमको हकमा आधारभुत सिलाई कटाइ तालिम प्राप्त गरेकालाई प्राथमिकता दिइनेछ ।	
२	नेपाली कुजिन कुक तालिम		२० जना		
३	मन्टेश्वरी तालिम (३९० घण्टा, सीप परीक्षण समेत)		२० जना		
४	युवाहरुलाई ड्राइभिङ्ग तालिम		२० जना		
५	युवाहरुलाई वारिस्ता, वेकरी तालिम (वुटवल-६, रुपन्देही)		२० जना		
६	ब्यूटिसियन तालिम, ड्राइभिङ्ग तालिम र वारिस्ता तालिम-महिला लक्षित (सिद्धार्थनगर नगरपालिका, भैरहवा)		२०/२० जना		
७	चप्पल जुत्ता बनाउने तालिम (वुटवल-३, रुपन्देही)		२० जना		
८	ड्राइभिङ्ग तालिम, पन्चेवाजा तालिम र कम्प्युटर तालिम-महिला लक्षित (वुटवल-१२, रुपन्देही)		२०/२० जना		
९	एकल महिलाका लागि वटारेको धुप बनाउने तालिम		२० जना		
१०	मोवाइल फोन रिपेयर तालिम (३९० घण्टा, सीप परीक्षण समेत)		२० जना		
११	ब्याग बनाउने तालिम		२० जना		
१२	वेकरी बनाउने तालिम		२० जना		
१३	महिलाहरुका लागि नेल आर्ट तालिम		२० जना		
१४	वुटिक तालिम		२० जना		
१५	डिजिटल मार्केटिङ्ग तालिम		२० जना		

पुनश्चः

- निवेदन तथा स्वःघोषणा लगायतका फारामहरु यस कार्यालयको वेवसाईट csirupandehi.lumbini.gov.np बाट डाउनलोड गरी भर्न सकिनेछ ।
- स्थान तोकिएको तालिमको हकमा सम्वन्धित स्थानीय तहको सिफारिस सहित आवेदन पेश गर्नुपर्नेछ ।
- रित नपुगी तथा म्याद नाघी आएका निवेदन उपर कारवाही हुने छैन ।
- अन्तर्वार्ताको माध्यमबाट सहभागी छनौट गरिनेछ । अन्तर्वार्ता हुने मिति र स्थानवारे अर्को सूचना मार्फत जानकारी गराईनेछ ।
- थप जानकारीको लागी घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देही (०७१-५७०२०४) मा वा अधिकृत श्री केशौराज मरासिनीको मोवाईल नं. ९८५७०६१८१० वा अनन्त पन्थी (९८५७०१७४९५) मा सम्पर्क गर्न सकिनेछ ।

(शारदा भट्टराई)
प्रमुख उद्योग अधिकृत

"समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश"

CamScanner

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानून, उद्योग तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

फोन नं. ०७१-५७०२०४

घरेलु तथा साना उद्योग कार्यालय

सिद्धार्थनगर, रुपन्देही

प्रशिक्षक सूचिकरण सम्बन्धी सूचना !

सूचना प्रकाशित मितिः२०८३/०६/०८

यस कार्यालयबाट आ.ब. २०८३/०८४ मा विभिन्न विषयका व्यावसायिक तथा सीपमुलक तालिम सञ्चालन गर्नु पर्ने भएकोले निम्नानुसार योग्यता पुगेका र सम्बन्धित विषयमा दक्षता प्राप्त गरेका इच्छुक नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलका कागजात सहित प्रशिक्षक तथा सहायक प्रशिक्षकको रुपमा आफुले प्रशिक्षण गर्नको लागि सूचिकृत हुन चाहेको तालिम उल्लेख गरी घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देहीमा उपस्थित भई वा यस कार्यालयको ईमेल ठेगाना csiobhwskill@gmail.com मार्फत दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

क्र. सं.	विषय	क्र. सं.	विषय	क्र. सं.	विषय
१	मोबाइल मर्मत	६	नेपाली कुनिन कुक	११	मन्टेश्वरी
२	ड्राइभिङ्ग	७	वारिष्ता	१२	ब्युटिसियन
३	बेकरी	८	आधारभुत कम्प्युटर	१३	जुत्ता चप्पल उत्पादन
४	पन्चेबाजा बजाउने	९	बटारेको धुप र फुलबत्ती	१४	ब्याग उत्पादन
५	नेल आर्ट	१०	डिजिटल मार्केटिङ्ग	१५	बुटिक तालिम

मुख्य/सहायक प्रशिक्षकको न्यूनतम योग्यताः

१. मुख्य प्रशिक्षकः मान्यता प्राप्त शिक्षण संस्था/विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक तह उपाधी प्राप्त गरी प्रशिक्षक प्रशिक्षणको तालिम लिएको वा सम्बन्धित विषयमा प्रमाणपत्र डिप्लोमा तह उतिर्ण गरी प्रशिक्षक प्रशिक्षण तालिम लिएको र कम्तिमा ३ वर्षको कार्य अनुभव भएको वा सम्बन्धित विषयमा सीप तह २ उतिर्ण गरी ३ वर्षको कार्य अनुभव भएको ।

२. सहायक प्रशिक्षकः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाणपत्र डिप्लोमा तह उतिर्ण गरी प्रशिक्षक प्रशिक्षण तालिम लिएको वा सम्बन्धित विषयमा प्राविधिक एस.एल.सी. वा सीप तह १ उतिर्ण गरी २ वर्षको कार्य अनुभव भएको ।

३. निवेदनसाथ शैक्षिक योग्यता तथा पेशागत तालिमका प्रमाणपत्रहरु, अनुभव का प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र २ प्रति फोटो समेत संलग्न राखी पेश गर्नुपर्नेछ ।

पुनश्चः

- यहाँ उल्लेख भएका बाहेक अन्य विषयमा तालिम प्राप्त गरेका व्यक्तिहरुले समेत आफुले सञ्चालन गर्न सक्ने तालिम उल्लेख गरी दरखास्त दिन सक्नेछन्। परम्परागत प्रकृतिको तालिमको हकमा कम्तिमा ३ वटा सोहि विषयको तालिममा प्रशिक्षण गरेको प्रमाणित हुने कागजात संलग्न गर्नुपर्नेछ ।
- सूचिकृत हुने निवेदनको ढाँचा यस कार्यालयको वेवसाईट www.csirupandehi.lumbini.gov.np बाट डाउनलोड गरी भर्न सकिनेछ ।
- यसै सूचना अनुसार रोष्टरमा नाम समावेश गरी न्यूनतम भन्दा माथिल्लो योग्यता भएको अनुभवी प्रशिक्षकलाई प्राथमिकता दिइनेछ । कुनै एक विषयमा आवश्यकता भन्दा बढी व्यक्तिहरुको दरखास्त पर्न आएमा निवेदनसाथ पेश भएका प्रमाणहरुका आधारबाट निर्धारित रोष्टरको योग्यताक्रम वा अन्तर्वार्ताद्वारा प्रशिक्षक छनोट गरिनेछ ।
- प्रशिक्षार्थीको माग अनुसारको विषयको तालिमको लागि प्रशिक्षक सूचिकृत हुन नआएमा समेत कार्यालयले अन्य व्यवस्था मार्फत प्रशिक्षक छनोट गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।
- थप जानकारीको लागी कार्यालयको फोन नं. ०७१-५७०२०४ वा अधिकृत श्री केशौराज मरासिनी, (९८५७०६१८१०) र अनन्त पन्थी (९८५७०१७४९५) मा सम्पर्क गर्न सकिनेछ ।

०८३।०६।०८
(शारदा भट्टराई)
प्रमुख उद्योग अधिकृत

प्रशिक्षार्थी आवेदन फारम

मिति: २०८३।.....।.....

श्रीमान प्रमुख उद्योग अधिकृत ज्यू,
घरेलु तथा साना उद्योग कार्यालय रुपन्देही ।

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयबाट सञ्चालन गरिने ..... तालिम कार्यक्रममा सहभागी हुने इच्छा भएकोले मेरो व्यक्तिगत विवरण, शैक्षिक योग्यता र नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहित यो निवेदन पेश गरेको छु । उक्त तालिममा सहभागी प्रशिक्षार्थीको रुपमा छनौट भएको अवस्थामा तालिम सम्बन्धी सम्पूर्ण नियम पालना गर्न मञ्जुर छु ।

व्यक्तिगत विवरण

१. निवेदकको नाम, थर: .....

२. ठेगाना: क) स्थायी: .....

ख) अस्थायी: .....

३. शैक्षिक योग्यता: ..... ४. उमेर: ..... वर्ष ५. लिङ्ग: पुरुष/महिला: .....

६. विवाहित/अविवाहित: ..... ७. हालको पेशा: ..... ८. परिवार संख्या: .....

९. परिवारको पेशा: ..... १०. परिवारको स्वामित्वमा रहेको जग्गा: .....

११. वार्षिक आम्दानी: .....

१२. यस अघि कुनै तालिम लिनुभएको छ ? यदि लिएको भए

क) तालिम दिने संस्था /कार्यालयको नाम: .....

ख) तालिमको विषय: .....

ग) तालिमको अवधि: .....

१३. तालिम विना कुनै सीप जानेको भए त्यसको व्यवसायिक प्रयोग भएको छ वा छैन ?

क) सीपको प्रयोग नभएको भए त्यसको कारण: .....

१४. यो तालिम आवश्यक पर्नुको कारण ?

.....

तालिम पश्चात विषय अनुसारको पेशा व्यवसाय गर्न वा प्राप्त सीपको प्रयोग गर्न दृढ निश्चय गरेको छु ।

आवेदन फारमसाथ पेश गरिएका कागजातहरु

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. यस अघि कुनै तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि
३. अन्य

.....
आवेदकको सहि
सम्पर्क नं.....
मिति.....

CamScanner

अनुसूची-३

दफा १४ को उपदफा (१०) सँग सम्बन्धित

प्रशिक्षक सूचिकृत फाराम

मितिः२०८३।.....।.....

श्रीमान प्रमुख उद्योग अधिकृतज्यू,
घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देही।

महोदय,

प्रस्तुत बिषयमा त्यस कार्यालयबाट संचालन हुने..... तालिमको लागि प्रशिक्षक आवश्यक भएको व्यहोरा जानकारी आएकोले मैले उक्त बिषयमा विगतका केहि बर्षदेखि तालिम प्रशिक्षकको रुपमा काम गर्दै आएको र त्यस तालिमको लागि मेरो योग्यता पनि पुग्ने हुँदा उक्त तालिमका लागि प्रशिक्षक सूचिकृत गरिपाउँ भनी तपसिल बमोजिमका कागजात सहित यो निवेदन पेश गरेको छु ।

तपसिल

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. शौक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
३. सम्बन्धित बिषयको तालिम संचालन सम्बन्धि अनुभवको प्रमाणपत्रको प्रतिलिपि
४. प्रशिक्षक प्रशिक्षण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि

निवेदक

नामः.....

ठेगानाः.....

हस्ताक्षरः.....

सम्पर्क नं. .....

CamScanner